नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७८/११/२८ गते ।

## प्रेस विज्ञप्ती- ७६

### "वैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

उपरोक्त सम्बन्धमा गेहेन्द्र बहादुर बस्नेतको जाहेरीले बादी नेपाल सरकार प्रतिबादी अनुप पाण्डे भएको बैकिङ कसुर मुद्धा, जिल्ला प्रहरी कार्यालय दाङ, घोराहीमा दर्ता भई सम्मानित उच्च अदालत तुलसीपुरबाट मिति २०७८।११।२५ गते पक्राउ अनुमती जारी भएका तथ्य ईनजिनियरिङ्ग एण्ड ईन्फ्रा प्रोजेक्ट प्रा.लि. बाट साईड ठेक्का सम्झौता गरी निर्माणको जिम्मा लिएका जिल्ला दाङ तुलसीपुर उप-महानगरपालिका वडा नं.८ अश्वार बस्ने अं. बर्ष ३० को अनुप पाण्डेले जाहेरवालाको सवारी साधन प्रयोग गरी सवारी साधनको भाडा बापतको रकम रु.१,४४,१७,७७६।- (एक करोड चौवालिस लाख सत्र हजार सात सय छहत्तर) मध्ये सानिमा बैकको प्रयाप्त मौज्दात नभएको चेक मार्फत रु.१,०८,५७,७७६।- (एक करोड आठ लाख सन्ताउन्न हजार सात सय छहत्तर) रकम भएको चेक दिई बैकिङ कसुर गरेको मुद्धामा निज प्रतिबादीलाई आज मिति २०७८।११।२८ गते यस कार्यालयबाट खटि गएको टोलीले जिल्ला काठमाण्डौं, का.म.न.पा.-३२, काँडाघारीबाट पक्राउ गरेको साथै थप अनुसन्धान तथा कारबाहीको लागी जिल्ला प्रहरी कार्यालय दाङ, घोराही पठाईने ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**

**प्रतिवादी:** अनुप पाण्डे
**उमेर:** ३० बर्ष
**ठेगाना:** जिल्ला दाङ तुलसीपुर उप-महानगरपालिका वडा नं.८ अश्वार
**मुद्धा:** बैकिङ कसुर
**पक्राउ मिति:** २०७८।११।२८ गते ।
**पक्राउ स्थान:** काठमाण्डौं जिल्ला का.म.न.पा.-३२, काँडाघारी ।



**उप निर्देशक**
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२८४२२२